# संग्रहालय : अनुसन्धान, ज्ञान र आर्थिक विकासको धरातल

**ओमप्रकाश घिमिरे**

संग्रहालय समुदायबीच शान्तिपूर्ण सहअस्तित्व र सहयोगको विकासको लागि सांस्कृतिक आदानप्रदान र समृद्धिको लागि महत्वपूर्ण स्थानहरू मानिन्छन् । संग्रहालयका बारेमा विभिन्न परिभाषाहरु छन् । त्यसमध्ये आइकमले गरेको परिभाषालाई विश्वभरी साझा परिभाषाको रुपमा लिने गरिन्छ । आइकमले सन् २०२२ मा पारित गरेको पछिल्लो परिभाषाले संग्रहालयको क्षेत्रलाई पहिले भन्दा अझ विस्तार गरेको छ । उक्त परिभाषा अनुसार यो परिभाषाले संग्रहालयहरू कलाकृतिहरूको भण्डार, संस्कृति, परम्परा, जीवनशैली, इतिहास र प्राकृतिक संसारलाई प्रत्यक्ष अवलोकन गरेर ज्ञान र मनोरन्जन लिने सकिने प्रमाण स्थलहरु भएको उल्लेख गरेको छ । संग्रहालयको यहि व्यापकतालाई ख्याल गर्दै आइकमले हरेक वर्ष संग्रहालय दिवस मनाउँदा फरक- फरक नाराहरु अघि सार्ने गरेको छ ।

विश्वमा संग्रहालयको इतिहास धेरै लामो छ । तर आधुनिक संग्रहालयको शुरुवात भने सत्रौं शताब्दीको उत्तरार्धमा भएको पाइन्छ । सन् १६८२ मा बेलायतस्थित् अक्सफोर्ड विश्वविद्यालयमा संकलित सामग्रीलाई व्यवस्थित गरी स्थापना गरिएको अस्मोलिन संग्रहालयलाई विश्वकै पहिलो आधुनिक संग्रहालय मानिन्छ । त्यस आधार हाल विश्वमा संग्रहालयको इतिहास झण्डै साढे ३ सय वर्षको छ । युनेस्कोको सन् २०२० को एक अध्ययन प्रतिवेदन अनुसार हाल विश्वभर एक लाख चार हजार भन्दा बढि संग्रहालय छन् । यस आधारमा विश्वमाा आधुनिक संग्रहालयको शुरुवात भए यता हरेक एक शताब्दीमा औषत करिब ३० हजार संग्रहालय स्थपना भएको देखिन्छ । तर हरेक पछिल्लो समयमा भने विश्वभरी संग्रहालयको संख्या तिब्र गतिमा बढ्दै गएको छ । संग्रहालयको संख्या हेर्दा जुन देशमा विकासको स्तर माथिल्लो तहमा छ, त्यहि देशमा संग्रहालयको संख्या पनि बढि देखिन्छ ।

युनेस्कोको प्रतिवेदनले उल्लेख गरे अनुसार संसारका एक लाख बढि संग्रहालयमध्ये ६१ प्रतिशत भन्दा बढि पश्चिम युरोप र उत्तर अमेरिकामा छन् । एसिया प्रसान्त क्षेत्रमा कूल संग्रहालयको १८ प्रतिशत छन् भने अफ्रिकामा एक प्रतिशत भन्दा पनि थोरै छन् । मुलुकविशेषको संग्रहालयलाई विश्लेषण गर्दा पाँच हजार भन्दा बढि संग्रहालय भएका देशहरुको सूचीमा चीन, रसिया,जर्मनी, जापान र अमेरिका पर्दछन् । यो तथ्यलाई हेर्दा

समग्र विकासको अवस्थासंग संग्रहालय विकासको सम्बन्ध समानुपातिक हुन्छ भन्ने देखिन्छ ।

नेपालमा भने वि.स. १८८१ म तत्कालिन प्रधानमन्त्री भिमसेन थापाले हतयिार भण्डारणका लागि बनाएको छाउनिस्थित सिलखानालाई नै पछि संग्रहालय बनाइयो, जहाँ अहिले राष्ट्रिय संग्रहालय छ । वि.स. १९८३ मा चन्द्र शमशेरले यसैलाई हतियार संग्रहालय बनाए भने वि.स. १९९५ मा जुद्ध शमशेरले नेपाल म्यूजियमको नामबाट सबैका लागि खुल्ला गरे । यस अर्थमा नेपालमा संग्रहालय स्थापना भएको मिति १८८१ भएता पनि यसले संग्रहालयको रुप पाएको १९९५ लाई नै मान्न सकिन्छ । जे होस् नेपालमा पनि संग्रहालयको इतिहास धरातल करिव २ सय वर्ष पुरानो हो भन्न सकिन्छ । तर यो लामो अवधिमा नेपालले जुन गतिमा संग्रहालयको विकास गर्नु पर्थ्यो, त्य गतिमा गर्न सकेन । पछिल्लो समयमा नेपाल पनि विश्व संग्रहालय समाजमा कुनै न कुनै रुपमा जोडिएको छ । खासगरी अन्तर्राष्ट्रिय संग्रहालय परिषद्को नेपाल च्याप्टर मार्फत् नेपालले विश्व समुदायमा आफ्नो उपस्थिति जनाउँन थालेको छ ।

**संग्रहालय दिवस**

हरेक वर्ष मनाइने विश्व संग्रहालय दिवस यस पटक पनि मे १८ तारिखका दिन मनाइदैछ । यो दिवस विश्वभरका एक लाख चार हजार भन्दा बढि संग्रहालयहरुमा काम गर्ने लाखौ संग्रहालयकर्मी साझा दिन हो । अन्तर्राष्ट्रिय संग्रहालय दिवस पहिलो पटक १९७७ मा मस्कोमा मनाइएको थियो । विश्वभर संग्रहालयकर्मीको साझा संस्थाको रुपमा रहेको आइकम महासभाले यसै वर्ष मानवजातिमा संग्रहालयहरूको योगदानमा विश्वको ध्यान केन्द्रित गर्न रचनात्मक उद्देश्य र संग्रहालय प्रयासहरूलाई थप एकीकृत गर्न वार्षिक कार्यक्रम स्थापना गर्न आह्वान गर्ने प्रस्ताव पारित गर्‍यो । इन्टरनेशनल काउन्सिल अफ म्युजियम्सले १८ मे महिनामा यो प्रस्ताव पारित गरेको दिनलाई स्मरण गर्दै हरेक वर्ष यसै दिनलाई विश्वभरी अन्तर्राष्ट्रिय संग्रहालय दिवसको रुपमा मनाइन्छ ।

सन् २०२४ का लागि विश्व संग्रहालय दिवसको नारा शिक्षा र अनुसन्धानका लागि संग्रहालय रहेको छ । यो नाराले संग्रहालयलाई शिक्षा तथा अनुसन्धनको थलोको रुपमा चित्रण गरेको स्पष्ट हुन्छ । विश्वका धेरै मुलुकले संग्रहालयलाई उच्च प्राथमिकता दिएका छन् र यसबाट उच्च लाभ पनि लिएका छन् । दोस्रो विश्व युद्धपछि सन् १९५४ मा स्थापना भएको ’अन्तराष्ट्रिय संग्रहालय परिषद’ले विश्वभरका धेरै देशहरुमा संगठन खडा

गरि संग्रहालयको विकास सम्बन्धि विभिन्न कार्यक्रम, वहस, पैरवी, वकालत गर्ने र संग्रहालयको परिभाषा गर्ने र समय सन्दर्भ अनुसार यसलाई परिमार्जन गर्ने समेत गर्दै आएको छ। 'अन्तर्राष्ट्रिय संग्रहालय परिषद नेपाल' ले नेपालमा पनि संग्रहालयको क्षेत्रमा विभिन्न काामहरु गर्दै आएको छ। तर जति काम गर्नु पर्ने हो, त्यति हुन सकेको छैन।

विश्वमा संग्राहलयहरुको संख्या, यसको चासो र अध्ययन गर्ने मानिसहरु उल्लेख्य रुपमा बढेका छन्। यति मात्र होइन, अमेरिका, वेलायत, चीनलगायतका विकशित राष्ट्रहरुले आम्दानीको स्रोत र पर्यटन प्रवर्द्धनको मुख्य आधारका रुपमा संग्रहालयको विकास गरिरहेका छन्। संग्रहालयकै माध्यामबाट जीवन, इतिहास, विज्ञान, कलालगायतको आम शिक्षा दिने कार्यलाई व्यापकता दिएका छन्। संग्रहालय जस्ता संस्कृतिमा आधारित क्षेत्रलाई अहिले रचनात्मक उद्योगको रुपमा समेत हेर्ने गरिएको छ।

रचनात्मक तथा साँस्कृतिक उद्योग शब्दको प्रयोग थीयोदोरे एडोर्नो र माक्स हर्खेमेनले सन् १९४४ तिर गरेको भएता पनि सन् १९९० को दशकमा बेलायत तथा अष्ट्रेलियमा “रचनात्मक अर्थतन्त्र” अवधारणा बिस्तारित भएका थिए। रचनात्मक तथा साँस्कृतिक उद्योग ति हुन जसमा मानव सृजनशलिता, शीप, तथा खुवीको प्रयोग ब्यापक हुन्छ र जसलाई बौद्धिक सम्पतिको रुपमा कायम गर्न सकिन्छ र जसले रोजगारी सृजना गरि आर्थिक बिकासमा टेवा पु¥याउ‘छ। अत्यधिक बृद्धि दर भएको आर्थिक क्षेत्रमा पर्यटन अगाडि पर्दछ र पर्यटन ब्यवसायमा करिब ४० प्रतिशत योगदान मूर्त तथा अमूर्त संस्कृतिको रहेको अध्ययनहरुले देखाएका छन्। नेपालमा पनि हाम्रो सम्पदा क्षेत्रले आर्थिक क्षत्रमा उल्लेख्य योदान गरेको छ। तर यसको अध्ययन तथा लेखाजोखा नएकाले आधिकारिक रुपमा कति योगदान गरेका छ भन्ने कुरा उल्लेख गर्न सकिएको छैन।

व्यापार तथा विकास सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनले सन् २००८ मा श्रृजनशील उद्योगको पहिचान गर्दै यसलाई चार क्षेत्रमा विभाजन गरेको छ। जसअनुसार परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा सांस्कृतिक क्षेत्र सहितको संस्कृति, दृश्य कला तथा प्रदर्शनी कला, छापा तथा श्रब्य दृश्य मिडिया र कार्यमूलक श्रृजना। यी सबै कुराहरु संग्रहालयले संरक्षण तथा प्रबर्द्धन गर्ने भएकाले यि सबै क्षेत्रको संरक्षक निकायको रुपमा संग्रहालय पर्दछ। नेपाल यी चारै किसिमका श्रृजनशीलत उद्योग अन्तर्गतका क्षेत्रको धनी छ। तर यो धनलाई विश्व बजार र नेपाली बजारमा कसरी बेच्ने भन्ने बारेमा वृहत्तर रुपमा काम हुन सकेको छैन। यो रिक्ततालाई पुरा गर्न संग्रहालय क्षेत्रले नेतृत्वदायी भूमिका खेल्न सक्छ।

नेपालमा संग्रहालयको संभावना

संग्रहालयहरू हाम्रो सांस्कृतिक सम्पदा, इतिहास र ज्ञानकासंरक्षक हुन् र तिनीहरूले राखेका कलाकृतिहरूले संसारमा हाम्रो स्थान परिभाषित गर्न मद्दत गर्दछ । संग्रहालयहरू हाम्रो संस्कृति, रक्षक मानिन्छन । त्यति मात्र होइन  संग्रहालयहरू अतीत, वर्तमान र भविष्य बीचको पुल पनि हुन् ।  युनेस्कोले संग्रहालयहरु हाम्रा साझा सम्पदाहरु संरक्षण गर्ने स्थलहरु मात्रै नभै शिक्षा, प्रेरणा र संवादका प्रमुख स्थलहरु पनि मान्दछ । सामाजिक सद्भाव र सामूहिक संदर्भहरुमा तिनीहरुले महत्वपूर्ण भूमिका खेल्छन् भन्ने कुरालाई युनेस्कोले स्वीकार गरेको छ । त्यति मात्र होइन उद्योग र वास्तुकला, सहरी योजना, साँस्कृतिक चिन्तन तथा पर्यटनसँग सम्बन्धित विविध पेशाका लागि आर्थिक केन्द्रका रुपमा तिनीहरु सँस्कृति र दीगो विकासको सम्बन्धलाई पूर्णरुपले प्रतिनिधित्व स्थलहरु हुन्। संस्कृति र जनसमूहका लागि सबैभन्दा मूल्यवान वा अर्थपूर्ण के हो भन्ने कुरा संग्रहालयले प्रतिनिधित्व गर्ने भएकोले तिनीहरु मानव अधिकार र साँस्कृतिक विविधताका शत्रुहरुको निशानामा पनि पर्ने गर्छन् ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातिय र बहुधार्मिक विविधताले मुर्त र अमुर्त सम्पदा र संस्कृतिको खानीको रुपमा रहेको छ ।  भौगोलिक हिसाबले पनि थरिथरिका मौसम, थरिथरिका भूबनोट र प्राकृतिक संरचनाहरु भेटिन्छ ।  भूगोलअनुसारको रहनसहनले मानिसलाई त्यत्तिकै आकर्षित गर्न सक्छ ।  उदाहरणका लागि, खोलावारी बस्ने मानिसको संस्कृति र रहनसहन खोलापारी बस्ने मानिसको भन्दा फरक हुन्छ । मिथिला संस्कृतिदेखि घाटु संस्कृति, नेवारी चालचलन, विभिन्न जातिअनुसारका भेषभुषा यसलाई जीवित संग्रहालयका रुपमा पनि लिन सकिन्छ ।

काठमाडौं, भक्तपुर, ललितपुर, लुम्बिनी लगायतका ठाउँहरुमा बाटोमा हिड्दा हिड्दै पनि अवलोकन गर्न सकिने पुरातात्विक  तथा सांस्कृतिक बैभव त झन् खुला संग्रहालयका रुपमा लिइन्छ ।   पछिल्लो समय स्थानिय स्तरमा सानो कटेरो बनाउँदै संग्रहालयको नाम दिने लहर नै चलेको छ । जसको न कुनै मापदण्ड छ न कुनै कानुन । संग्रहालय बन्न लायकका बस्तुहरुको सम्बर्द्धन, संरक्षणमा भने कसैको ध्यान पुग्ने सकेको छैन ।  सात ओटा प्रदेशमा प्रदेशपिच्छे एउटा संग्रहालय निर्माण हुन समेत सकेको छैन ।

विश्वमा संग्राहलयको विकास भइ यसले शैक्षिक, पर्यटकीय, आर्थिक, सामाजिक र सांस्कृतिक प्रवर्द्धनमा फड्को मारिसकेको अवस्थामा नेपालले यसबाट प्रसस्त फाइदा लिन सक्ने भए पनि यसमा खासै प्रगति गर्न सकेको छैन । यसको उचित व्यवस्थापनका लागि संग्रहालयसम्बन्धि स्पष्ट नीति, नियम, कानुन र मापदण्ड अत्यावश्यक भए पनि यी दस्तावेजको अभाव छ । यसले गर्दा एकातिर स्थापित संग्रहालयको विकास गर्न सकिएको छैन भने अर्को तर्फ संग्राहलयलाई पुराना र काम नलाग्ने सामानहरु थन्क्याएर राख्ने ठाउँका रुपमा चिन्ने आम बुझाइलाई परिवर्तन गर्न सकिएको छैन । वास्तवमा सार्वजनिक जनचासोका ऐतिहासिक, महत्वपूर्ण र शिक्षाप्रद सामाग्रीहरुलाई संग्रह गरेर राखिने ज्ञानको थलो हो संग्रहालय । यो बुझाइलाई व्यापक बनाउँन संग्राहलय सम्बन्धि बहस, जनचेतना, पैरवी जस्ता कार्यक्रमलाई हरेक स्थानीय तहसम्म व्यापक सघन रुपले अघि बढाउँनु आवश्यक छ ।

यी प्रचुर संभावनाको समुदापयोग गर्न संग्राहलयसम्बन्धि आम बुझाइमा सुधार र जनचेतना बृद्धिमा जोड दिनु आवश्यक छ। यसका लागि सरोकारवाला तथा आम मानिसहरुकोविचमा संवाद, छालफल, वहस चलाउ आवश्यक छ। नेपालमा मुर्त र अमुर्त सम्पदाहरुको समग्र अवस्थाको बारेमा गहन अध्ययन अनुसन्धान गर्नु आवश्यक छ। त्यसैगरी व्यापक रुपमा रहेका अमूर्त सम्पदाको संग्रहालय स्थापना गर्ने, यसको अनुसन्धान तथा अध्ययन गर्ने र यिनिहरुलाई हाम्रो ज्ञान र सिकाइ केन्द्रको रुपमा विकास गर्नु आवश्यक छ । यस अर्थमा यस वर्षको विश्व संग्रहालय दिनवको नारा पनि सान्दर्भिक छ ।

पछिल्लो समयमा स्थानीय सरकारले समेत साना साना संग्रहालयहरु खोल्ने कार्य गरेका छन् । तर कुनै मापदण्ड र बुझाइका आधारमा अन्धाधुन्ध रुपमा संग्रहालय खोल्ने कामले पछि संग्रहालयलाई व्यवस्थित गर्न झन् समस्या श्रृजना गर्ने देखिन्छ । त्यसैले यसलाई व्यवस्थित गर्न संग्रहालय स्थापना तथा संचालन सम्बन्धी स्पष्ट मापदण्ड बनाइ त्यसैका आधारमा नयाँ संग्रहालय खोलनु पर्छ र खुलिसकेका संग्रहालयहरुलाई व्यवस्थि गर्दै जानु पर्छ ।